मिति : २०८१/०९/२२ गते (सोमबार) स्थान : पो.म.न.पा. सभाहल

बैठक संख्या : ३९ समय : बिहान : ८ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिल बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | [signature] |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री शिवराज चौलागाई | [signature] |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | [signature] |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | [signature] |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | [signature] |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | [signature] |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | [signature] |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | [signature] |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | [signature] |

| | | | | |
|---|---|---|---|---|
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**३९ औं कार्यपालिका बैठक (बैठक संख्या-१) (मिति २०८१/०९/२२) का निर्णयहरुः**

**निर्णय नं १**

३८ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

पोखरा महानगर अन्तर्गत रहेको फेवातालको मापदण्ड कायम गर्ने सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने सम्बन्धमा हालसम्म भएका प्रगतिको विषयमा छलफल गरियो ।

**निर्णय नं ३**

तपशिल बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा/संशोधन गर्न सैध्दान्तिक स्वीकृति दिने र विधायन समितिमा छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो:

क) स्थानीय पर्यटक पथ प्रदर्शक(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ ,

ख) व्यवसायिक तथा सिप विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ ,

ग) जग्गा विकास तथा हाउजिङ निर्माण (प्लानिङ) कार्यविधि, २०८१,

घ) पूर्वाधार तथा भवन निर्माण मापदण्ड (पहिलो संशोधन), २०८१,

ङ) संस्थागत विद्यालय छात्रवृति वितरण(तेस्रो संशोधन) कार्यविधि, २०८१ ,

च) पोखरा महानगरपालिका खर्च संचालन निर्देशिका,२०८१,

छ) भवन नियमित तथा अभिलेखीकरण (पहिलो संशोधन) कार्यविधि,२०८१,

ज) साझेदारी विकास कोष सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८१,

झ) पोखरा महानगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८१,

ञ) पोखरा महानगरपालिका पदाधिकारी तथा कर्मचारी विदेश भ्रमण कार्यविधि, २०८१,

ट) महिला समूह सञ्चालन कार्यविधि, २०८१ ।

**निर्णय नं ४**

शहरी योजना आयोगबाट पेश भएका दस्तावेज तथा पदाधिकारीहरुको पदावधि सम्बन्धमा तपसिल बमोजिम गर्ने:-

क. शहरी योजना आयोगबाट पेश भएका पर्यटकीय राजधानी रणनीतिक कार्ययोजना र पञ्चबर्षीय नगर उर्जा योजना गरी दुई दस्तावेजको स्वामित्व ग्रहण गर्ने निर्णय गरियो ।

**ख.** आयोगका उपाध्यक्ष श्री प्रेमलाल लामिछाने, सदस्यहरु डा. श्री होमनाथ गैह्रे र श्री जय प्रसाद सापकोटा समेतबाट आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०८१ कार्तिक १ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै शहरी योजना आयोगका उपाध्यक्ष र अन्य सदस्यहरुले राजीनामा दिएको अवस्थामा बहाल रहनुभएका सदस्यहरु श्री मन्दिरा पराजुली र श्री सुरेन्द्रबाबु तिवारीलाई समेत मिति २०८१ पौष मसान्तबाट सदस्यको जिम्मेवारीबाट धन्यवाद सहित बिदा दिने निर्णय गरियो ।

ग. आयोगका पदाधिकारीहरुले महानगरको आवधिक योजना तर्जुमा, विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका तथा रणनीतिक योजना निर्माणमा पुर्याउनु भएको योगदानका उच्च मूल्याङ्कन गर्दै सबै पदाधिकारीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं ५**

पोखरा महानगरपालिका वडा नं ७, ११,१३, २५ र २६ अन्तर्गतका सडकमा परेका घर, बाटोको क्षतिपूर्तिका सम्बन्धमा आवश्यक सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा यस अघि कार्यपालिकाको निर्णयानुसार गठित समितिले प्राविधिकबाट प्रतिवेदन लिई एवं उल्लेखित वडाका वडाध्यक्षहरूसँगको परामर्शमा क्षतिपूर्ति रकम एकीन गरी सिफारिश भई आएपछि स्वीकृतिका लागि नगरसभामा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ६**

साविक भरतपोखरी हाल पोखरा महानगरपालिका वडा नं.३३ स्थित कि.न. २८२ को क्षेत्रफल ७३-११-२-० रोपनी जग्गामध्ये ३-०-०-० जग्गामा वडा नं ३३ को वडा कार्यालय भवन निर्माण गर्नका लागि वडा कार्यालयको सिफारिस सहित महानगरमा अनुरोध भई आएको र उक्त जग्गामा प्रस्तावित वडा कार्यालय भवन निर्माण गर्नका लागि डि.पि.आर स्वीकृत भई रू.६,८५,१३,३७७/- को लागत अनुमान समेत तयार भएकोले चालु आ.व. मा विनियोजित बजेट रकमबाट भवन निर्माण गर्नका लागि खरिद प्रक्रिया (बोलपत्र आव्हान) अगाडि बढाउने निर्णय गरियो । साथै जग्गाको स्वामित्व (दीर्घकालिन लिजाधिकार) का लागि जिल्ला प्रशासन कार्यालय, कास्की मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ७**

गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा पर्ने घरपझोङ गाउँपालिकाबाट यस महानगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्नका लागि प्राप्त भएको प्रस्ताव स्वीकृत गरी अन्य आवश्यक औपचारिक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

महानगरपालिकाको मुख्य प्रशासकीय भवन भित्र र बाहिर अवस्थित शाखा/महाशाखा/ सेवा केन्द्रहरुबाट प्रवाह हुने सेवा एकिकृत रुपमा प्रवाह हुन नसकि प्रभावकारी हुन नसकेकोले एउटै भवनबाट एकिकृत रुपमा सेवा प्रवाह गर्न आवश्यक देखिएको हुँदा पोखरा महानगरपालिका वडा नं ९ स्थित राष्ट्रिय बाणिज्य बैंक (सरकारको पूर्ण स्वामित्व रहेको) को भवन Government to Government ढाँचामा सम्झौता गरी भाडामा लिई एकीकृत रुपमा सेवा सञ्चालन गर्ने सम्बन्धमा उक्त भवनको स्थलगत निरीक्षण, अध्ययन, विश्लेषण गरी ३ दिन भित्र राय सुझाव पेश गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो:

**तपशिलः**

क. वडा नं १६ वडा अध्यक्ष श्री अमृत प्रसाद तिमिल्सिना- संयोजक,
ख. वडा नं ८ वडा अध्यक्ष श्री रुद्रनाथ बराल- सदस्य,
ग. वडा नं १२ वडा अध्यक्ष श्री सन्तोष बास्तोला- सदस्य,
घ. वडा नं १३ वडा अध्यक्ष श्री किरण बराल- सदस्य,
ङ. वडा नं १६ वडा अध्यक्ष श्री तोरण बहादुर बानियाँ- सदस्य,
च. वडा नं १९ वडा अध्यक्ष श्री पुष्पेन्द्र पाण्डे- सदस्य,
छ. वडा नं २० वडा अध्यक्ष श्री गंगा बहादुर खत्री- सदस्य,
ज. वडा नं २६ वडा अध्यक्ष श्री नरेन्द्र थापा(नरेन)- सदस्य ।

**निर्णय नं ९**

महानगरपालिकाबाट भवन निर्माण (नक्सापास) अनुमति लिएको चार(४) बर्षको अवधिभित्र निर्माण सम्पन्न हुन नसकेका/नगरेका वा निर्माण सम्पन्न भई सम्पन्न प्रमाणपत्र नलिएका/प्राप्त नगरेका भवनहरुको सम्बन्धमा यस्ता भवनहरुको संख्या एकीन गर्ने, यस सम्बन्धमा अन्य पालिकाहरुले गरेको अभ्यास समेतको अध्ययन गर्ने र कानूनी विज्ञको राय समेत लिई उपयुक्त विधि तर्जुमा गरी नगरसभामा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

चालु आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रम तथा योजनाहरु मध्येका योजनाहरु योजना, अनुगमन तथा सूचना प्रविधि शाखा र आर्थिक प्रशासन महाशाखाको सिफारिसमा संशोधन, रकमान्तर तथा शिर्षकान्तरका लागि पेश भएका योजनाहरुमा संशोधन, रकमान्तर, शीर्षकान्तर गर्न स्वीकृतिका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । संशोधन, रकमान्तर, शीर्षकान्तर गर्न प्रस्तावित योजनाहरुको विवरण अनुसूची-१ मा समावेश गरिएको छ ।

**निर्णय नं ११**

पोखरा महानगरपालिका वडा नं. २९ स्थित विभिन्न व्यक्तिहरुको कि.न. २१४३ लगायत १२ वटा कित्ताको २५ रोपनी क्षेत्रफल मध्ये २२ रोपनी निजी जग्गामा ७८,३३६ घन मी. निर्माण सामाग्री उत्खनन् गरी पोखरा मुग्लिङ्ग सडक आयोजनामा प्रयोग गर्नका लागि ग्रिनहराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.द्वारा तयार गरी IEE पेश भएकोमा नगर प्रमुखको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुख र वडा नं. १५, १६, २७, २९, ३० र ३२ का वडाध्यक्ष समेतको टोलीबाट उत्खनन् बिन्दु/क्षेत्रको स्थलगत निरीक्षण गरी राय सुझाव पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १२**

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ र नियमावली, २०८० बमोजिम पोखरा महानगरपालिका तथा अन्तर्गत कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुबाट पेश हुन आएका निम्न बमोजिमका असाधारण विदा तथा अध्ययन/अध्यापन अनुमति स्वीकृत गर्ने निर्णय गरियो:

**तपशिलः**

| क्र.स | नामथर | पद/तह | विदा/अध्ययन/अध्यापनको किसिम | विदाको अवधि |
|---|---|---|---|---|
| १ | श्री नवीन कुमार बराल | लेखा अधिकृत सातौं | अध्यापन अनुमति | कार्यालय समय बाहेक |
| २ | श्री रञ्जिता आचार्य | सि.अ.न.मि पाचौं | तलबी अध्ययन विदा | २०८१ श्रावण १ गते देखि लागु हुने गरी १ बर्ष |
| ३ | श्री सन्तमाया गुरुङ | सि.अ.हे.व पाचौं | अध्ययन पूर्व स्वीकृति | अध्ययन |
| ४ | श्री केशादेवी शर्मा | स.म.वि.नि. चौथो | असाधारण विदा | २०८१ मंसिर १ गते देखि लागु हुने गरी ३ बर्ष |

**निर्णय नं १३ (पूरक निर्णय)**

महानगरको मिति २०८१/०८/३० गतेको ३८ औं कार्यपालिका बैठकको निर्णय नं. ११ बमोजिम ५(पाँच) प्रतिशत सहभागिता रकम कायम गर्ने क्षेत्रहरुमा सार्वजनिक स्थानको पहिरो सरसफाई/नियन्त्रण/तारजाली नियन्त्रण, सार्वजनिक पार्क/सार्वजनिक प्रतिक्षालय समेत थप गरी स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।